नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
कार्तिक/मंसीर २०६६ (November 2009) वर्ष १३/अंक १५२

## सन्तानप्रतिको हाम्रो समर्पण

– पाष्टर महेश थाँजु

आफ्ना छोराछोरीहरूलाई खीष्टिय वातावरणमा हुर्कनका निम्ति खीष्टिय चालचलनसित सम्बन्धित शिक्षा र सुधारका अर्तीहरू दिनु इसाई आमा बाबुहरूको एउटा गम्भीर जिम्मेवारी हो । इसाई जीवन र व्यवहारमा उहाँहरू स्वयं नै नमूना भइकन आफ्ना छोराछोरीहरूको येशू प्रभुसितको सम्बन्धलाई आफ्नो जागिर, व्यवसाय, सामाजिक प्रतिष्ठा, मण्डलीको सेवकाई आदिभन्दा बढी प्राथमिकता दिनुपर्छ ।

पावलको भनाईमा (एफिसी ६:४, कलस्सी ३:२१) साथै अरू कतिपय पुरानो करार बाइबलका पदहरूका आधारमा पनि (हेर्नुहोस् - उत्पत्ति १८:१९, व्यवस्था ६:६-७, भजनसंग्रह ७८:५, हितोपदेश ४:१-४; ६:२०-२४ आदि) आफ्ना सन्तानहरूलाई परमेश्वरलाई मनपर्ने र खुशी तुल्याउने खालको जीवन जिउनका निम्ति आवश्यक शिक्षा र तालिम दिने जिम्मेवारी इसाई आमाबाबुहरूको हो । आफ्ना सन्तानहरूलाई खीष्टिय अनुशासन र वातावरणमा हुर्काउनका लागि हामी इसाई आमाबाबुहरूले कति समय दिने गरेका छौं ? याद राख्नुहोस्, आफ्ना सन्तानलाई परमेश्वरको भय (श्रद्धा) मा र उहाँको शिक्षा र अनुशासनमा हुर्काउने जिम्मेवारी पनि मण्डलीप्रतिको तपाईंको समर्पणभित्र नै पर्दछ । यसैकारण खीष्टिय घरानाका छोराछोरीहरूलाई परमेश्वरको राज्यको शिक्षामा हुर्काइ तिनलाई ती अनुसार चल्ने गराउनु हाम्रो प्राथमिकता हो । यो प्रथमत: हामी इसाई आमाबाबुकै जिम्मेवारी हो, त्यसपछि यो जिम्मेवारी बाल संगति अनि मण्डलीको हो । मण्डली र बाल संगतिले छोराछोरीहरूलाई परमेश्वरको राज्य र धार्मिकताका पाठ पढाउने हामी आमाबाबुहरूको जिम्मेवारीमा धेरै हदसम्म सहायता पुऱ्याउँछ । छोराछोरीहरूले प्रार्थना गर्न सिक्नुपर्ने ठाउँ हाम्रो घर हो । उनीहरूले बाइबल पढ्न र स्तुति प्रशंसा गर्न सिक्नुपर्ने ठाउँ पनि घरै हो । पछि गएर हाम्रो छोराछोरीहरूको मन मुक्तिदाता परमेश्वरतर्फ लाग्ने हो भने अहिले नै हाम्रो मन छोराछोरीतर्फ लाग्नु पऱ्यो । खान लाउन दिएर, स्कूल पठाएर मात्रै हाम्रो जिम्मेवारी पूरा भएको नसम्झौं । सम्झनुहोस्, येशू प्रभु कसरी हुर्कनुभयो (लूका २:४० र ५२) । सन्तान हुर्काउँदा उनीहरूप्रतिको हाम्रो व्यवहार सन्तुलित हुनुपर्दछ । राम्रो कामको निम्ति पुरस्कार र प्रशंसा दिन्छौं भने अभिप्रायपूर्वक गरिएको नराम्रो तथा अनुचित व्यवहारका निम्ति सुधार सहितको दण्ड पनि दिनुपर्दछ । छोराछोरीहरूको निम्ति हृदयमा दया, करूणा, नम्रता, धैर्य र दीनता धारण गरेर आमाबाबुहरू उनीहरूका निम्ति प्रेममा समर्पित हुनुपर्छ (कलस्सी ३:१२-१४ र २१) । हामी यो नभुलौं कि भविष्यको नेपालको खीष्टिय मण्डलीको चित्र कस्तो हुन्छ भन्ने कुरा हामी इसाई आमाबाबुहरूले आफ्ना छोराछोरीहरूलाई कसरी हुर्काउँदैछौं , त्यसमा निर्भर गर्दछ । के हामी बाबुआमाहरूले कहिल्यै विचार गरेका छौं कि हाम्रा सन्तानहरू स्वयं परमप्रभु परमेश्वरले हामीलाई दिनुभएका उहाँका दान हुन् ? परमेश्वरका सेवकहरू याकूब, योसेफ, दाऊद, सोलोमन आदिले यो स्वीकार गरेका छन् (उत्पत्ती ३३:५; ४८:९; यहोशू २४:३, भजनसंग्रह ११३:९; १२७:३; यशैया ८:१८) । बाल-अर्पणकाबखत विगतमा श्रद्धेय पाष्टर रोबर्ट कार्थक गुरुबाले घरिघरि भन्ने गर्नुहुन्थ्यो - छोराछोरीहरूलाई अर्पण गरेर अब मेरो जिम्मेवारी सिद्धियो, अब भैगयो भन्ने होइन, यिनीहरू परमेश्वरका नासो हुन्, यिनीहरूलाई हुर्काउने जिम्मा परमेश्वरले हामीलाई दिनुभएको छ, आदि । परमेश्वरका दृष्टिमा हाम्रा सन्तानहरू अत्यन्तै महत्त्वपूर्ण छन् (भजनसंग्रह १२७:३-४; १२८:३, हितोपदेश १७:६; मत्ती १९:१४) । प्रभु येशूले बालकहरूमाथि हात राखेर आशीर्वाद दिनुभयो । "तिनीहरूलाई नरोक" भनीकन भन्नुभयो । ग्रीक भाषाको मूल शब्दअनुसार, "मनाही नगर, वा दण्ड नदेऊ" भन्ने अर्थ लाग्छ । सानै उमेरमा पनि हामी बाबुआमाहरूले हाम्रा सन्तानलाई परमेश्वर चिनाउन सक्ने रहेछौं । हाम्रा छोरा अपूर्व थान्जुले डीकन अब्राहाम श्रेष्ठबाटै साढे पाँच वर्षको उमेरमा बाल संगतिको कक्षामा येशू प्रभुलाई ग्रहण गरेका थिए । छोरी आशिकाले उसको आठौं जन्म दिनको अवसर पारेर आफ्नो जीवन प्रभु येशूलाई दिएकी थिइन् । आहाब राजाका महलका एक अधिकृत ओबदिया सानै उमेरदेखि परमप्रभुका भक्त थिए (१ राजा १८:१२) । केटाकेटीहरू पनि परमप्रभुका सामुन्ने भेला हुने दृष्टान्त धर्मशास्त्रमा थुप्रै पाउँदछौं (यहोशू ८:३५; २ ईतिहास २०:१३, एज्रा ८:२१, नहेम्याह १२:४३, मत्ती २१:१५) बाबुआमाको आफ्ना सन्तानप्रतिको कर्तव्य हो सिकाउनु, शिक्षा दिनु (व्यवस्था ६:७ र २०; २१:१९), तालिम दिने (हितोपदेश २२:६, यशैया ३८:१९, विलाप २:१९), पालनपोषण गर्ने अर्थात आवश्यक थोक थुपार्ने (२ कोरिन्थी १२:१४), शिक्षा, सुधार, अनुशासन, अर्ती, ताडना आदिद्वारा हुर्काउने, (एफिसी ६:४, कलस्सी ३:२१), संरक्षक भई खडा रहने अर्थात् अधीनमा राख्ने (१ तिमोथी ३:४ र १२), माया, ममता प्रदान गर्ने (तीतस २:४) आदि ।

जीवनका अन्य जिम्मेवारीहरूसरह सन्तानप्रतिको हाम्रो जिम्मेवारीहरूप्रति हामी आज नयाँ प्रकारले समर्पित हुनु परेको छ । हामी बाबुआमाहरूको प्रार्थना र परिश्रमका फलस्वरूप हाम्रा छोराछोरी प्रभुका निम्ति जीवनमा एउटा सपना बोकेर जिउनेहरू हुन सकून् । परमप्रभु परमेश्वरले हामी आमाबाबुहरू सबैलाई यस पवित्र काममा अनुग्रह गरून् ।

## प्रार्थनाको लागि अनुरोध

मंसीर १४-१६/नोभेम्बर २९ तारिखदेखि डिसेम्बर १ तारिख. आइतबारदेखि मंगलबारसम्म आनन्द वनमा हुने नेइम परिषदको वार्षिक बैठकमा आउँदा दिनहरूको लागि योजना बनाउनुपर्ने, छलफल गरिनुपर्ने साथै निर्णय पनि गर्नुपर्ने भएकोले मण्डलीले विशेष प्रार्थना गरिदिनुहुन अनुरोध छ ।

## अनुरोध

नेइमबाट देशभित्र र देशबाहिर बाइबल स्कूल तथा बाइबल कलेजहरूमा अध्ययनको लागि जानुभएका मण्डलीका सदस्यहरू:

| | |
|---|---|
| पुने, भारत | १. डीकन श्री घनश्याम दाहाल |
| फिलिपिन्स | २. डीकन श्री सिमोन पाठक |
| | ३. श्रीमती रीना पाठक |
| के.आई.टी. | ४. डीकन रत्नमान महर्जन |
| नेपाल धर्म विज्ञान संस्था | ५. डीकन श्री जमान सिंह तामाङ्ग |
| (एन.बी.ए.), काठमाडौं | ६. डीकन श्री बद्रि (रूबेन) श्रेष्ठ |
| | ७. सुश्री भिमा मगर |
| कलकत्ता, भारत | ८. श्री गंगाराम न्यासूर |
| | ९. सुश्री रञ्जना ढुङ्गेल |
| एजी बाइबल कलेज, | १०. श्री सरोजमान तामाङ्ग |
| काठमाडौं | ११. श्री प्रेम आलेमगर |
| पोखरा बाइबल स्कूल | १२. श्री दिनेश नेपाली, |
| | १३. श्री रामभक्त वाइबा |
| | १४. सुश्री नमिता पौडचाल, |
| | १५. सुश्री कल्पना थपलिया |
| | १६. सुश्री स्वीटी नेपाली |

उहाँहरूको पढाईको लागि प्रार्थना गरिदिनुहुन अनुरोध छ साथै उहाँहरूलाई आर्थिक सहायता पुऱ्याउन चाहनुहुनेहरूले सहयोगको लागि मण्डली अफिसमा सम्पर्क राख्न सक्नुहुनेछ ।

## हार्दिक बधाई



श्री दीपक गिरी
र
सुश्री रोधा अर्याल

आश्विन २५ गते/अक्टोबर ११ ता. आइतबार ज्ञानेश्वर मण्डलीमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## मिशनरीहरूको लागि प्रार्थना

मण्डलीबाट मिशनेरी भएर जानुभएका श्री जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), श्री नरेन्द्र र शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), श्री प्रदिप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने, भारत), श्री विष्णु पिटर र श्रीमती एलिशिबा लिम्बु परिवार (पोखरा), श्री पदम तामाङ्ग र श्रीमती सावित्रा तामाङ्ग (सिन्धुपाल्चोक, घोर्थली), डीकन अब्राहाम श्रेष्ठ र श्रीमती केट श्रेष्ठ परिवार (बेलायत), श्री लोक गुरूङ्ग र श्रीमती परिना गुरूङ्ग (सिलगढी, भारत) र श्री पासाङ्ग डेविड शेर्पा (मलेशिया), श्री सुमन खड्गी र श्रीमती रीना खड्गी (मुम्बई, भारत) उहाँहरूको सेवकाइको साथै सबै क्षेत्रहरूमा परमेश्वरबाटको आशिष मागिदिऔं । मण्डलीबाट अझै धेरैजना विभिन्न ठाउँहरूमा मिशनेरी भएर जानको निम्ति बोलावट पाएर आज्ञाकारी हुन सकून् साथै विभिन्न देश, विदेशहरूमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सेवकाई पुऱ्याइराख्नुभएकाहरूलाई पनि आफ्नो प्रार्थनामा निरन्तर उचालिराखौं ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ८:०० र ११:०० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ, सुन्दरीजल |
| | | महिनामा दुईपल्ट | जोरपाटी, |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ वानेश्वर |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर, कमलाक्षी |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा, सुन्दरीजल |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | ललितपुर | जोरपाटी | गोंगबूँ | पनौती | नगरकोट | जहरसिंह पौवा | सिर्जनानगर | गाम्छा | गुर्जुधारा | रानीपौवा | सुन्दरीजल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कार्तिक २८ गते, नोभेम्बर १४ ता. | पाष्टर सामुएल कार्थक | डीकन गोपाल शर्मा श्री ध्रुव घिमिरे | पाष्टर बर्णबास श्रेष्ठ | पाष्टर बि.बि. खवास | पाष्टर दफ्तन साह | श्रीमती रश्मी तामाङ | डीकन जमान तामाङ | पाष्टर रोबर्ट कार्थक | डीकन दानियल सापकोटा | श्री भीम खालिङ | श्री तितस सापकोटा | पाष्टर प्रेम श्रेष्ठ |
| मंसिर ६ गते, नोभेम्बर २१ ता. | डीकन सामुएल क्षेत्री | डीकनेस् सीता गुरुङ श्री शेरु सिंह ठकुरी | पाष्टर रोबर्ट कार्थक | डीकन बि.एन. पण्डित | डीकन रुबेन श्रेष्ठ | पाष्टर अशोक मुखिया | संयुक्त सेवा जोरपाटी चर्च | श्री सिद्धि खालिङ | संयुक्त सेवा जोरपाटी चर्च | श्री सुवाश खालिङ | श्री तिर्थ रम्तेल | संयुक्त सेवा जोरपाटी चर्च |
| मंसिर १३ गते, नोभेम्बर २८ ता. | पाष्टर बर्णबास श्रेष्ठ | श्री कर्टिस योंग | पाष्टर महेश थोँजु | पाष्टर सामुएल कार्थक | डीकनेस श्रीलक्ष्मी सैंजु | डीकन अर्जुन ढकाल | श्री सुन्दर लामा | पाष्टर अशोक मुखिया | श्रीमती रूपमाया लामा | श्रीमती सारा खालिङ | सुश्री अनिता के.सी. | श्री कृष्ण श्रेष्ठ |
| मंसिर २० गते, डिसेम्बर ५ ता. | पाष्टर रोबर्ट कार्थक | पाष्टर बि.बि. खवास | पाष्टर एस. सोदेम्बा | पाष्टर एल.पी. न्यौपाने | श्रीमती गंगा श्रेष्ठ | संयुक्त सेवा ज्ञानेश्वर चर्च | श्रीमती रेनु तामाङ | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर प्रेम श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा गोंगबूँ चर्च | डीकन सागर थापा |

## जानकारी

आश्विन ३१–कार्तिक २ गते/अक्टोबर १७–१९ ता. शनिबारदेखि सोमबारसम्म नेइम ज्ञानेश्वर मण्डलीमा नेइम संयुक्त युवा शिविरको आयोजना गरिएको थियो । सो तीन दिनको युवा शिविरमा मण्डलीका ४५० जना युवाहरूको सहभागिता थियो । उक्त शिविरमा युवा अगुवाहरूले विभिन्न विषयमा शिक्षा दिनुभएको थियो ।

## नोभेम्बर महिनाको कार्यक्रम

- ✶ मंसीर १ गते/नोभेम्बर १६ ता. सोमबार – **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा
- ✶ मंसीर १४-१६/नोभेम्बर २९- डिसेम्बर १ ता. आइतबार-मंगलबारसम्म **नेइम परिषद्को वार्षिक बैठक** आनन्द वनमा ।

## जानकारी



नेइम ज्ञानेश्वर मण्डलीका सदस्य नयाँ वानेश्वर बस्नुहुने **श्री मोती (नवीन) के.सी.** ५६ वर्षको उमेरमा कार्तिक १४ गते/अक्टोबर ३१ ता. शनिबार प्रभुमा सुत्नुभयो ।

## जानकारी

- ✦ आश्विन २२ गते/अक्टोबर ८ ता. बिहीबार नेइम अन्तर्गत शाखा मण्डली दोलखा जिल्लाको वनगाउँ सिउरेनीमा २२ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो । सो सेवकाईको लागि पाष्टर प्रेम श्रेष्ठ, श्री लेखनाथ पौडेल, श्री नूह थामी र दोलखा तीखेतालबाट श्री एलिया थामी जानुभएको थियो ।
- ✦ आश्विन २५ गते/अक्टोबर ११ ता. आइतबार नेइम जोरपाटी मण्डलीमा बाल संगतिका शिक्षक/शिक्षिकाहरूको एक दिने रिट्रीट भएको थियो ।
- ✦ कार्तिक ९ गते/अक्टोबर २६ ता. सोमबार नेइम गोंगबूँ मण्डलीमा १ जना विश्वासीले पानीको बप्तिस्मा लिनुभयो ।

## सुसमाचारिय साँस्कृतिक कार्यक्रम

नेइम ललितपुर, यहोवा यीरे जवान संगतिका जवानहरूले कार्त्तिक १४ गते/अक्टोबर ३१ ता. २००९ शनिबारका दिन नेइम ललितपुर चर्चमा सुसमाचारिय साँस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । करीब ९३ जना प्रभुलाई नचिनेका जवानहरूको उपस्थिति रहेको उक्त कार्यक्रममा नेइम ललितपुरका जवानहरूले गीत, लोकनृत्य तथा माइमहरू प्रस्तुत गरेका थिए भने मिलन प्रधानले सुसमाचार प्रचार गर्नुभएको थियो । गिदियोनबाट सहयोगस्वरूप प्राप्त नयाँ करार बाइबल उपस्थित नयाँ जवानहरूलाई नि:शुल्क वितरण गरिएको थियो । उक्त कार्यक्रमबाट नेइम ललितपुरका जवानहरूलाई सुसमाचार सुनाउन ठूलो हौसला मिलेको छ ।

## प्रार्थनाका विषयहरू

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूको लागि एकता, समझदारी र मेलमिलाप मागिदिऔं ।

२. नेपालका सुसमाचार पुग्न नसेका गाउँ, जिल्लाहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना हुन सकोस् ।

३. मण्डलीलाई अगुवाई गर्ने नेइमका विभिन्न विभागहरू तथा स्थानीय व्यवस्थापन समितिमा हुनुभएकाहरूको लागि साथै पुरूष, महिला, युवा, बाल संगति, घरेलु संगति, मिशनको क्षेत्रहरू अझ आशिषित भएर जान सकून् ।

४. नेइम ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जनानगर, गाम्छा, रानीपौवा, गुर्जुधारा, सुन्दरीजल मण्डलीहरूको गुणात्मक, संख्यात्मक वृद्धिको साथै सेवा संगतिहरूको क्षेत्र पनि अझै बढ्दै र फैलँदै जान सकोस् ।

५. नेइम अन्तर्गतका शाखा/आवद्ध मण्डलीहरूलाई अगुवाई गर्नुहुने गुरूजनहरू साथै सेवक/सेविकाहरूको परिवार, सेवकाई साथै मण्डलीका सबै आवश्यकता र विश्वासीहरूको लागि प्रार्थना गरौं ।

६. विदेशमा रोजगार, पढाईको लागि जानुभएकाहरूले आफ्नो काम, पढाईको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् र उहाँहरू कुनै न कुनै संगतिमा रहन सकून् साथै उहाँहरूको परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

# दैनिक प्रार्थनाका विषयहरू

| | | | | |
|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२२** **8** शाखा/आवद्ध मण्डलीका पाष्टर तथा अगुवाहरूले मण्डलीलाई प्रभुको इच्छामा हुर्काउन, बढाउनलाई पवित्र आत्माको सहायता र अगुवाई मागिदिऔं। एज्रा ७:१० | **२९** **15** महिला उपवास प्रार्थनाको कारण व्यक्ति, परिवार, मण्डली र देशमा आशिष आएको होस् । यूहन्ना १४:१३-१४ | **७** **22** विश्वासीहरूको जीवनमा प्रार्थना, सुसमाचार प्रचार, वचन पढाई, प्रशंसा कहिले पनि नरोकेको होस् । प्रेरित २:४२-४७ | **१४** **29** इस्राएल देशमा रहेका यहूदीहरूले येशू खीष्ट प्रभुलाई मुक्तिदाता भनेर विश्वास गर्न सकून् । यर्मिया ३१:३१-३४ |
| **सोमबार MONDAY** | **२३** **9** व्यक्ति, परिवार र मण्डलीको जीवन बोझ र विश्वाससाथ प्रार्थना गर्नेहरू हुन सकून् भनी प्रार्थना गरौं । भजनसंग्रह ६२:८ | **१ मंसीर** **16** हामीहरू प्रार्थना गर्नेहरू मात्र होइन तर विश्वासद्वारा उत्तर थाप्ने र धन्यवादी हुनेहरू पनि हुन सकौं । फिलिप्पी ४:६-७ | **८** **23** येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर दिन-दिन खीष्टको चेलाहरू भएर जिउन सिक्दै जान सकून् । एफिसी ४:१२-१७ | **१५** **30** रोगी-बिरामी, चिन्ता-फिक्री, अभाव, घटी-कमी, मुद्दा-मामिला साथै अन्य समस्याहरूमा परेकाहरूको निम्ति प्रार्थना गरिदिऔं । भजनसंग्रह ४२:१-११ |
| **मंगलबार TUESDAY** | **२४** **10** मण्डलीका पूर्णकालिन सेवक/सेविकाहरूको सेवकाई, परिवार साथै अन्य सबै क्षेत्रमा आशिष मागिदिऔं । मत्ती ६:३३ | **२** **17** खीष्ट येशू असल गोठालो हुनुभएझैं मण्डलीका सबै अगुवाहरू पनि आफ्नो मण्डलीको असल गोठालो हुन सकून् । यूहन्ना १०:१०-१६ | **९** **24** आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् । १ पत्रुस ४:१०-११ | **१६** **December 1** सेवा संगतिदेखि टाढिएकाहरू र प्रभुको प्रेमलाई चाखेर फेरि संसारतिर फर्केर गएकाहरू साँचो पश्चात्तापी भएर प्रभुमा फर्कन सकून् । लूका १५:११-२४ |
| **बुधबार WEDNESDAY** | **२५** **11** घरेलु संगतिका सबै अगुवाहरूले बोझ र दर्शनका साथ आफ्ना झुण्डलाई हुर्काउने-बढाउने काम गर्दै जान सकून् । १ पत्रुस ५:२-४ | **३** **18** कुनै पनि परिवारमा परमेश्वरको आदर, प्रशंसा र संगति गर्ने पारिवारिक वेदी कहिले पनि सेलाएर नगएको होस् । यहोशू २४:१४-१८ | **१०** **25** मण्डली परिवारको जीवनमा समस्याहरूबाट छुट्कारा, समाधान साथै स्थिर रहने अनुग्रहको लागि प्रार्थना गरौं । अय्यूब ४२:२,५ | **१७** **2** हरेक अभिभावकहरू आफू प्रभुको शिक्षामा हुर्कंदै जानेहरू र आफ्ना छोराछोरीहरूलाई प्रभुको शिक्षामा हुर्काउनेहरू हुन सकून् । व्यवस्था ६:४-१२ |
| **बिहीबार THURSDAY** | **२६** **12** मण्डलीका सबै बाल-बालिकाहरूको सम्पूर्ण क्षेत्रमा परमेश्वरबाटको आशिष् मागिदिऔं । लूका २:४१-५२ | **४** **19** सबै जवानहरू सांसारिक अभिलाषा र परीक्षाबाट सधैं अलग रहन पवित्र आत्मा परमेश्वरले नै सधैं सहायता गरून् । भजनसंग्रह २५:३-५ | **११** **26** वृद्धावस्थामा पुग्नुभएकाहरूको स्वास्थ्यको लागि साथै यो उमेरमा प्रभुको नजीकमा रहेर प्रशंसा र प्रार्थना गर्दै रहनेहरू हुन सकून् । भजनसंग्रह ९२:१२-१४ | **१८** **3** हामी आफ्नो लागि र आफ्नो परिवारको लागि मात्र होइन तर अरूहरूको लागि पनि जिउनेहरू भई आशिषको कारणहरू बन्न सकौं । रोमी १५:१-१३ |
| **शुक्रबार FRIDAY** | **२७** **13** मण्डलीलाई प्रशस्त आशिष्मा डोऱ्याउनुहुने साथै आशिष्को कारण बनाउनुहुने परमप्रभु परमेश्वर पितालाई सबै आदर, भक्ति र महिमा मण्डलीले चढाइरहन सकून् । भजनसंग्रह ९६:१-११ | **५** **20** भोलि नेपालभरि हुने आराधना सेवामा गरेको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस् । २ इतिहास २०:२१-३० | **१२** **27** भोलि सबै ठाउँको आराधना सेवाहरूमा धेरै नयाँ मानिसहरूले खीष्ट येशू प्रभुलाई व्यक्तिगत प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्न सकून् र धेरैको जीवनमा उद्धार आएको होस् । यशैया ४५:२०-२५ | **१९** **4** भोलि हुने आराधना सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गर्न सकून् । हितोदेश ८:३२-३६ |
| **शनिबार SATURDAY** | **२८** **14** विभिन्न देशहरूमा रोजगार, अध्ययनको लागि जानुभएका सबै नेपालीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशू खीष्टलाई पाउन सकून् । २ कोरिन्थी ५:१४-२१ | **६** **21** मण्डलीका सबै विश्वासीहरू वचन सुन्ने मात्र होइन तर आज्ञाकारी भएर त्यसअनुसार जिउनेहरू पनि हुन सकौं । उपदेशक १२:१३ | **१३** **28** यी आखिरी दिनहरूमा संसारका धेरै निराश गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर र अटल रहन सहायता गरून् । मत्ती २४:३-१३ | **२०** **5** हामी कोही पनि रीतिविधिमा मात्र सेवा संगतिमा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं । भजनसंग्रह ८४:१-६ |

**पर्वतहरूतिर म आफ्नो आँखा उचाल्छु । मेरो गुहार कहाँबाट आउँछ ? स्वर्ग र पृथ्वी सृजना गर्नुहुने परमप्रभुबाट मेरो गुहार आउँछ ।**

भजनसंग्रह १२१:१-२

प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२ email:nim@wlink.com.np, www.nim.org.np